# भाग १

## काठमाडौँ महानगरपालिका

## बाह्य विज्ञापन नियमन निर्देशिका, २०७९

**प्रस्तावना** : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र बाह्य विज्ञापन (होर्डिङ बोर्ड) मार्फत कुनै वस्तु वा सेवाको प्रचारप्रसार गर्न अनुमति दिने, नियमन गर्ने, दस्तुर तोक्ने तथा विज्ञापन र तत्सम्बन्धी व्यवसायलाई व्यवस्थापन गर्ने सम्बन्धमा समयसापेक्ष कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ को उपदफा (६) र दफा २४ को कानुनी व्यवस्थालाई प्रचलन गराउन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले तोकेको काम, कर्तव्य र अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्न-गराउन काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम **'बाह्य विज्ञापन नियमन निर्देशिका, २०७९'** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा-

(क) **'आर्थिक ऐन'** भन्नाले प्रत्येक आर्थिक वर्षको लागि नगर सभाबाट सालवसाली रूपमा जारी हुने आर्थिक ऐन सम्झनुपर्छ ।

(ख) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ग) **'कार्यपालिका'** भन्नाले काठमाडौँ महानगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) **'प्रमुख'** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ङ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) **'महानगरपालिका'** भन्नाले काठमाडौँ महानगरपालिका सम्झनुपर्छ ।

(छ) **'राजस्व ऐन'** भन्नाले काठमाडौँ महानगरपालिका राजस्व ऐन, २०७५ सम्झनुपर्छ ।

(ज) **'विज्ञापन ऐन'** भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनुपर्छ ।

(झ) **'विज्ञापन'** भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको वारेमा बाह्य माध्यमबाट सार्वजनिक रूपमा प्रचारप्रसार गर्ने उदेश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्विर, सङ्केत, प्रकाश, चिह्न वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्री सम्झनुपर्छ ।

(ञ) **'विज्ञापन कर'** भन्नाले विज्ञापन ऐन र आर्थिक ऐनले तोकेबमोजिमको आफ्नो क्षेत्रभित्र बाह्य विज्ञापन गरेबापत महानगरपालिकाले लिने कर सम्झनुपर्छ र सो शब्दले विज्ञापन कर र सो करमा लाग्ने जरिवानासमेतलाई जनाउँछ ।

(ट) **'विज्ञापन बोर्ड'** भन्नाले विज्ञापन प्रदर्शनका लागि राखिएको वा राखिने साधन सम्झनुपर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसिडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो

बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका बाह्य विज्ञापनको साधन समेतलाई जनाउँछ ।

(ठ) **'विज्ञापनदाता'** भन्नाले विज्ञापन प्रकाशन, प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ड) **'विज्ञापन कल्याण कोष'** भन्नाले विज्ञापनदाताले विज्ञापन करको अतिरिक्त बाह्य विज्ञापनको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विज्ञापनसँग सम्बद्ध कल्याणकारी कार्य गर्न विज्ञापनदाताले प्रतिस्पर्धाको माध्यमबाट योगदान गरेको रकम जम्मा गर्ने विज्ञापन कल्याण कोष सम्झनुपर्छ ।

(ढ) **'व्यक्ति'** भन्नाले प्राकृतिक व्यक्ति वा कानुनबमोजिम दर्ता भएको सबै प्रकारका कम्पनी, संघसंस्था, निकाय, कार्यालय वा फर्मसमेतलाई व्यक्ति सम्झनुपर्छ ।

(ण) **'समिति'** भन्नाले दफा १० बमोजिमको नियमन समिति सम्झनुपर्छ ।

## परिच्छेद- २
## विज्ञापनसम्बन्धी व्यवस्था

३. **बाह्य विज्ञापन गर्न सक्ने** : (१) महानगरपालिका क्षेत्रभित्र घरजग्गा, जग्गा वा बाह्य विज्ञापनयोग्य अन्य संरचनाको स्वामित्व वा लिजमा लिएका भोगाधिकार प्राप्त व्यक्तिले त्यस्तो घरजग्गा, जग्गा वा अन्य भौतिक संरचनामा कुनै वस्तु तथा सेवाको प्रचारप्रसार गर्न इच्छुक भएमा निवेदन पेस गर्न महानगरपालिकाले ३५ दिनको सूचनामार्फत आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेस गर्न चाहने व्यक्तिले विज्ञापन गर्ने जग्गा, भवन वा संरचनाको भोग तथा स्वामित्वको

कागज प्रमाणसहित महानगरपालिकामा अनुसूची–१ बमोजिम निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको निवेदनउपर दफा १० बमोजिम गठित नियमन समितिले स्थलगत निरीक्षण तथा प्राविधिक परीक्षण गरी बाह्य विज्ञापन गर्ने स्थान, विज्ञापनको विवरण तथा सम्बद्ध कागजात, बोर्डको आकारप्रकार, लम्बाइ, चौडाइ, उचाइ, रङ, प्रकाशको संयोजन(निट्स) र विज्ञापनको प्रकृतिसमेत यकिन गरी विज्ञापन बोर्ड राख्न उपयुक्त हुने वा नहुने राय सुझावसहितको प्रतिवेदनसमेत संलग्न गरी अनुसूची–२ बमोजिमको विवरणसहित विज्ञापन गर्ने स्थानहरूको एकीकृत सूची तयार गर्नेछ।

(४) सवारी साधनको गति कम हुने, मानिसहरूको भिडभाड बढी हुने चोक, गल्ली, पार्क वा खुला क्षेत्रमा बाह्य विज्ञापन गर्न प्राथमिकता दिइनेछ।

(५) बाह्य विज्ञापन गर्ने स्थान वा भवन संरचना सबल र सुरक्षित छ छैन भन्ने विषयमा स्ट्रक्चरल इन्जिनियरसमेतलाई दफा १० बमोजिम गठन हुने प्राविधिक टोलीमा सहभागी गराई स्थलगत अध्ययन विश्लेषण गरी राय सुझावसहितको प्रतिवेदनमा प्राविधिक पक्षसमेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(६) बाह्य विज्ञापन गर्न अनुमति दिदा सकेसम्म विज्ञापन बोर्ड राख्ने भवन संरचनाको रङसँग मिल्ने गरी बोर्डको रङलाई मिलाउनुपर्नेछ। बाह्य विज्ञापन बोर्डको कारण दृश्य र ध्वनि प्रदुषण नगराउनेतर्फ समिति संवेदनशील हुनुपर्नेछ।

(७) उपदफा (३) बमोजिमको समितिले तयार गरेको सूची स्वीकृतिका लागि नगर कार्यपालिकामा पेस गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम बाह्य विज्ञापन गर्न स्वीकृत भएका स्थलहरूमा आर्थिक ऐनले तोकेबमोजिमको विज्ञापन कर र

यस कार्यविधिबमोजिम स्थापना हुने विज्ञापन कल्याण कोषमा योगदान गर्ने रकममा प्रतिस्पर्धा हुने गरी महानगरपालिकाले अनुसूची-३ बमोजिमको विवरणसमेत संलग्न गरी विज्ञापनदाताहरूबिच प्रतिस्पर्धाको प्रस्ताव आह्वान गर्नेछ ।

(९) यस दफाबमोजिम बाह्य विज्ञापन गर्न प्रतिस्पर्धाबाट अनुमति प्राप्त गर्ने विज्ञापनदातासँग निश्चित सर्त, बन्देज तथा दायित्व तोकी अनुसूची–४ बमोजिमको ढाँचामा बाह्य विज्ञापन सम्झौता गरिनेछ । यस्तो सम्झौताको अवधि बढीमा पाँच वर्षसम्मको हुन सक्नेछ ।

(१०) यस दफाबमोजिम महानगरपालिका र विज्ञापनदाताबिच सम्झौता हुनुपूर्व विज्ञापन गर्न निवेदन दिने घरजग्गा/जग्गा/अन्य संरचना धनीसँग विज्ञापनदाताले गरेको बहाल सम्झौताको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

(११) यस निर्देशिकाबमोजिम खुला प्रतिस्पर्धाको माध्यमबाट विज्ञापनदाताहरू छनौट गरी विज्ञापन कर असुल गर्नेसम्बन्धी अन्य व्यवस्था महानगरपालिकाको आय ठेक्कासम्बन्धी कानुनबमोजिम हुनेछ ।

४. **विज्ञापन गर्न निषेध** : महागरपालिका क्षेत्रभित्र देहायको अवस्थामा बाह्य विज्ञापन गर्न निषेध गरिनेछ :

(क) विज्ञापन नियमनसम्बन्धी संघीय तथा प्रदेश कानुन प्रतिकुल हुने विज्ञापन भएमा,

(ख) सर्वसाधरणलाई आवतजावत गर्न बाधा वा असुविधा हुने भएमा,

(ग) सर्वसाधारणको सुरक्षा तथा सहरी सौन्दर्यमा प्रतिकुल असर पर्ने भएमा,

(घ) धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा विश्व सम्पदा सूचीमा सूचीकृत मौलिक संरचना तथा संस्कृतिमा प्रतिकुल असर पर्ने भएमा,

(ङ) महानगरपालिकाको नगरसभाबाट स्वीकृत नीतिले कुनै स्थान विशेषमा विज्ञापन गर्न रोक लगाएमा,

(च) सडकपेटी तथा सार्वजनिक प्रयोगका संरचनामा प्रतिकुल असर पर्ने भएमा,

(छ) विद्युत, टेलिफोन लगायतका खम्बाहरूमा,

(ज) सवारी आवागमनमा असर पर्ने भएमा,

(झ) नक्सापास नभएको, प्राविधिक रूपमा भवन सबल नरहेको, भवनको वाहिरी भाग रङरोगन नगरेको वा भवन दुरुस्त नदेखिएको स्थानमा,

(ञ) कुनै घरको झ्याल, ढोका, बार्दली, भ्यान्टिलेटर छेकी त्यस्तो घरमा हावा र प्रकाश आउन अवरोध पुग्ने भएमा,

(ट) बाटो/सडक पेटीसँग जोडिएर बनेका भवन संरचनाहरूमा बाहेक खुला स्थानमा बाटो/सडक पेटीको सिमानादेखि १०(दश)फिटसम्म विज्ञापन बोर्ड वा परिचयपाटी राख्ने भएमा,

(ठ) विज्ञापन बोर्ड राख्ने स्थान १२ फिटभन्दा कम उचाइमा रहेमा,

(ड) मल, सुपरमार्केट र बहुतले व्यवसायिक भवन बाहेकका पुरातात्विक महत्वका क्षेत्र, प्रमुख

प्रशासकीय क्षेत्र, सम्पदा क्षेत्र, कुटनीतिक क्षेत्र जस्ता स्थान र सोको १०० मिटर भित्रको स्थानमा ।

**५. विज्ञापन गर्न नहुने विषयहरू : (१)** महानगरपालिका क्षेत्रभित्र देहायका विषयमा बाह्य विज्ञापन गर्न अनुमति दिइनेछैन :

(क) प्रचलित नेपाल कानुनले उत्पादन, बिक्रीवितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेको वस्तु, पदार्थ वा सेवाको विज्ञापन,

(ख) प्रचलित कानुनबमोजिम अश्लील मानिने विषय वा सामाजिक विकृति फैलाउने वा अन्धविश्वासलाई प्रोत्साहन गर्ने प्रकृतिको विज्ञापन,

(ग) हतियार वा विष्फोटक पदार्थ वा शान्ति सुरक्षा वा सहरी सुव्यवस्थापनमा खलल पुग्ने खालको विषयवस्तुको विज्ञापन,

(घ) महानगरपालिकाको स्थानीय कानुनविपरीतका सेवा, संरचना वा विषयवस्तुसम्बन्धी विज्ञापन,

(ङ) चिकित्सकको सिफारिसबमोजिम मात्र बिक्रीवितरण गर्नुपर्ने औषधीहरूको विज्ञापन,

(च) जुवा खेल्न वा खेलाउन प्रोत्साहन गर्ने खालका विज्ञापन,

(छ) प्रचलित कानुनबमोजिम कुनै पनि वस्तु वा सेवाको प्रयोग वा सञ्चालन गर्नुपूर्व अनुमति लिनुपर्ने भएमा अनुमति प्राप्त हुनुपूर्व नै गरिने विज्ञापन,

(ज) सवारी दुर्घटनाको सम्भावना वृद्धि गर्ने विषयवस्तुको विज्ञापन,

(झ) दृश्य प्रदुषण बढाउने प्रकृतिका विषयवस्तुको विज्ञापन,

(ञ) महानगरपालिकाले निर्णय गरी विज्ञापन गर्न निषेध गरेका विषयवस्तुको विज्ञापन,

(ट) स्वच्छ प्रतिस्पर्धामा सङ्कुचन गर्ने वा सर्वसाधारणमा भ्रम सिर्जना गर्ने विषयवस्तुको विज्ञापन,

(२) उपदफा (१) मा उल्लिखित विषयबाहेकका विज्ञापित सामग्रीमा भाषिक शुद्धता, शालीनता, सामाजिक मूल्यमान्यता र सुरक्षामा सहयोग पुग्ने किसिमको विषयवस्तुलाई प्राथमिकता दिनुपर्नेछ ।

६. **बाह्य विज्ञापनका लागि ग्राह्य नहुने विषयहरू** : देहायबमोजिमका विषयवस्तु बाह्य विज्ञापनका लागि ग्राह्य हुनेछैन :

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, संघीय इकाइबिचको सुसम्बन्ध, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पुऱ्याउने गरी,

(ख) राज्यद्रोह, अदालतको अपहेलना र अपराध गर्न दुरुत्साहन गर्ने गरी,

(ग) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाप वा त्यसको कुनै वा सबै भाग वा राष्ट्रिय विभूतिको प्रयोग गरी वा त्यसको अवमूल्यन हुने गरी,

(घ) गाली बेइज्जती हुने गरी,

(ङ) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी,

(च) श्रमप्रति अपहेलना गर्ने, लैङ्गिक विभेद एवम् जातीय छुवाछूतलाई दुरुत्साहन गर्ने गरी,

(छ) धर्म, वर्ण, लिङ्ग, जातजाति, समुदायबिचको सुसम्बन्धमा खलल पार्ने वा आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था, वा अपाङ्गतालगायतका कुनै पनि आधारमा विभेद हुने गरी,

(ज) ट्रेडमार्क, पेटेण्ट, डिजाइनलगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वकृतिविना प्रयोग गरी,

(झ) स्वदेशी वा अन्य कुनै उत्पादनलाई हतोत्साही वा निरुत्साहित गर्ने गरी,

(ञ) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने वा अन्य यस्तै अमर्यादित व्यवहार गर्ने गरी,

(ट) स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने गरी,

(ठ) अरूको उत्पादन वस्तु वा सेवासँग तुलना गरी त्यस्तो उत्पादन वस्तु वा सेवालाई कमसल वा नराम्रो देखाउने गरी,

(ड) कानुनबमोजिम गोप्य रहेका विषयमा जानकारी गराउने गरी,

(ढ) मदिरा, चुरोट, सूर्ती तथा सूर्तीजन्य लगायतका मानव स्वास्थ्यलाई असर गर्ने पदार्थको प्रचारप्रसार हुने गरी र

(ण) प्रचलित कानुनप्रतिकूल हुने गरी ।

७. **विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्ने** : (१) महानगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रको कुनै धार्मिक, सांस्कृतिक, सम्पदा, पुरातात्विक, ऐतिहासिक, सङ्ग्रहालय स्थल वा क्षेत्र, शैक्षिक वा स्वास्थ्य संस्था आसपास वा जोखिमपूर्ण क्षेत्र, संवेदनशील सेवाप्रवाह स्थल र महानगरपालिकाले उपयुक्त ठानेको कुनै पनि स्थानको चार किल्ला तोकी बाह्य विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) महानगरपालिकाले उपदफा (१) बमोजिम बाह्य विज्ञापन निषेधित क्षेत्र घोषणा भएको सूचना सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद-३
## बाह्य परिचयसम्बन्धी व्यवस्था

८. **परिचय पाटी** : (१) महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो व्यापार वा व्यवसायको पहिचान गराउने, आवश्यक सूचना तथा जानकारी दिने प्रयोजनले त्यस्तो व्यापार व्यवसाय भएको स्थानमा देखिने गरी पेन्टिङ बोर्ड, नियोन, ग्लोसाइन, फ्लेक्स, डिजिटल डिस्प्ले बोर्डमध्ये कुनै माध्यमबाट परिचय पाटी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परिचय पाटी हरेक व्यापार वा व्यवसायको लागि एक स्थानमा मात्र राख्न पाइनेछ । यस्तो परिचय पाटी राख्ने स्थान प्राविधिक रूपमा अनुपयुक्त र असुरक्षित देखिएमा समितिले परिचय पाटी राख्ने उपयुक्त स्थान र आकारप्रकार तोकिदिन सक्नेछ । समितिले स्थान र आकारप्रकार तोकिदिएमा सोबमोजिम परिचय पाटी स्थानान्तरण गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना पाटी ३० वर्ग फुट क्षेत्रफलमा नबढ्ने गरी स्थानविषेशमा अमिल्दो नहुने गरी राख्नुपर्नेछ ।

(४) परिचय पाटीको विज्ञापन कर हरेक आर्थिक वर्षको लागि आर्थिक ऐनले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) कुनै व्यापार व्यवसायको स्थान जनाउने उद्देश्यले व्यापार व्यवसाय गर्ने स्थानभन्दा अन्य स्थानमा बढीमा तीन स्थानमा र ३/३ वर्गफिटसम्मको जानकारी दिने व्यहोरा वा सङ्केत जनिने गरी परिचय वा सङ्केत पाटी राखेमा त्यस्तो पाटीलाई बाह्य विज्ञापन मानिनेछ र सोबमोजिमको कर असुल गरिनेछ ।

९. **बाह्य विज्ञापन मानिने** : दफा ८ बमोजिमको सूचना पाटीमा कुनै व्यापार वा व्यवसायको परिचय गराउने उद्देश्यले अन्य कुनै वस्तु तथा सेवाको विज्ञापन गरेमा वा त्यस्ता वस्तु तथा सेवा उत्पादन, वितरण गर्ने कम्पनीले प्रायोजन गरेको अवस्थामा त्यस्तो परिचय पाटीलाई बाह्य विज्ञापन मानी विज्ञापन कर असुल गरिनेछ ।

## परिच्छेद-४
## नियमन समिति

१०. **नियमन समिति गठन** : (१) महानगरपालिकामा बाह्य विज्ञापन गर्न अनुमति दिने, नियमन गर्ने, खारेज गर्न सिफारिस गर्ने र राय सुझावसहितको प्रतिवेदन पेस गर्ने समेतका कार्य गर्न बाह्य विज्ञापन नियमन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन् :

(क) महानगरपालिकाको प्रशासन विभागको विभागीय प्रमुख - संयोजक

(ख) महानगरपालिकाको राजश्व विभागको विभागीय प्रमुख - सदस्य

(ग) महानगरपालिकाको सहरी व्यवस्थापन विभागको विभागीय प्रमुख - सदस्य

(घ) महानगरपालिकाको सहरी यातायात वा व्यवस्थापनसम्बद्ध विज्ञ सल्लाकार एकजना - सदस्य

(ङ) महानगर प्रहरी बलका प्रमुख - सदस्य

(च) महानगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले आफ्नो काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न समितिको कुनै सदस्यको संयोजकत्वमा विषयसम्बद्ध कर्मचारीहरू रहेको प्राविधिक टोली गठन गर्न कार्य विवरणसहित प्रमुख प्रशासकीय अधिकृतसमक्ष सिफारिस गर्नेछ। प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट प्राविधिक टोली गठन हुनेछ।

११. **नियमन समितिको काम, कर्तव्य र अधिकार** : नियमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) महानगरपालिका क्षेत्रभित्र बाह्य विज्ञापन गर्न निवेदन पेस भएको जग्गा, भवन वा अन्य संरचनाको स्थलगत निरीक्षण तथा प्राविधिक परीक्षण गरी अनुसूची- ३ बमोजिमको प्रतिवेदन पेस गर्ने, गराउने।

(ख) बाह्य विज्ञापन गर्न उपयुक्त स्थान, बोर्डको आकारप्रकार, लम्बाइ, चौडाइ, उचाइ, क्षेत्रफल, रङ, प्रकाशको संयोजन( निट्स) र विज्ञापनको प्रकृतिसमेतमा लागि स्पष्ट व्यहोरा उल्लेख गरी लिखित प्रतिवेदन सिफारिस गर्ने।

(ग) महानगरपालिकाको आफ्नो स्वामित्व र हकभोग भएको जग्गा, भवन वा आफूमातहत संरक्षणमा रहेको सार्वजनिक जग्गा वा संरचनामा बाह्य विज्ञापन गर्न सिफारिस गर्ने र निर्णयअनुसार खुला प्रतिस्पर्धाको माध्यमबाट बाह्य विज्ञापन गर्ने व्यवस्था मिलाउने।

(घ) अनुमतिबमोजिम विज्ञापन बोर्ड राखे नराखेको, सर्तबमोजिम विज्ञापन गरे नगरेको अनुगमन, सुपरीवेक्षण तथा अध्ययन विश्लेषण गरी प्रतिवेदन पेस गर्ने।

(ङ) यस निर्देशिकाबमोजिम गठन हुने विज्ञापन कल्याण कोष सञ्चालन गर्ने-गराउने।

(च) अनुमतिविपरीत विज्ञापन बोर्ड राखेको प्रमाणित भएमा त्यस्ता विज्ञापन बोर्ड खारेज गर्न सिफारिस गर्ने ।

(छ) प्रचलित कानुन र महानगरपालिकाको नीति तथा निर्णयबमोजिम बाह्य विज्ञापनसम्बन्धी अन्य कार्य गर्ने-गराउने ।

## परिच्छेद-५
## विज्ञापन करसम्बन्धी व्यवस्था

१२. **विज्ञापन कर लिइने** : (१) महानगरपालिका क्षेत्रभित्र बाह्य विज्ञापन गर्न अनुमति प्राप्त गरेका विज्ञापन दाताहरूबाट महानगरपालिकाले विज्ञापन कर लिनेछ ।

(२) उपदफा (१) बमोजिमका विज्ञापनदाताहरूले नगरसभाबाट स्वीकृत भएको आर्थिक ऐनले तोकेबमोजिम प्रत्येक आर्थिक वर्षको लागि विज्ञापन कर बुझाउनुपर्नेछ। नगरसभाले बाह्य विज्ञापन बोर्डको कुल क्षेत्रफलको आधारमा बाह्य विज्ञापन करको दर तोक्न सक्नेछ। सामान्यतः कम क्षेत्रफल भएका बोर्डको लागि कम र बढी क्षेत्रफल भएको विज्ञापन बोर्डका लागि बढी विज्ञापन करको दर तोक्ने नीति लिनेछ ।

(३) विज्ञापनदाताले प्रत्येक आर्थिक वर्षको श्रावण ७ गतेभित्र उक्त आर्थिक वर्षको विज्ञापन कर र विज्ञापन कल्याण कोषमा गर्ने योगदानबापतको रकमसमेत गरी एकमुष्ट अग्रिम दाखिला गर्नुपर्नेछ ।

तर, पहिलो आर्थिक वर्षको हकमा सम्झौता गर्नुपूर्व एक वर्षको विज्ञापन कर र विज्ञापन कल्याणकारी कोषको रकमसमेत गरी हुने एकमुष्ट रकम बराबरको बैंक ग्यारेन्टी वा धरौटी जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र विज्ञापन करसमेत दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा सोही आर्थिक वर्षको श्रावण

मसान्तभित्र दश प्रतिशत जरिवानासहित विज्ञापन कर असुल गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम श्रावण मसान्तभित्र विज्ञापन कर समेत चुक्ता नगर्ने विज्ञापन दाताले भाद्र १ गतेबाट विज्ञापन बन्द गर्नुपर्नेछ । विज्ञापनदाताले बाह्य विज्ञापन बन्द नगरेमा महानगरपालिकाले बन्द गर्नेछ ।

(६) उपदफा (५) बमोजिम विज्ञापन गर्न बन्द गरेपश्चात् महानगरपालिकाले विज्ञापनदातासँग असुल गर्नुपर्ने कर समेतको रकम धरौटीबापत जम्मा गरेको रकम वा बैंक ग्यारेन्टीबाट असुलउपर गरी सो स्थानमा प्रतिस्पर्धाको माध्यमबाट विज्ञापन गर्ने प्रक्रिया अघि बढाउनेछ ।

## परिच्छेद- ६
## विविध

**१३. स्थानान्तरणसम्बन्धी व्यवस्था :** (१)यो निर्देशिका जारी हुँदाका बखत कुनै स्थल विशेषमा डिजिटल विज्ञापन बोर्ड जडान भै सञ्चालनमा आएको रहेछ र उक्त स्थल यस निर्देशिकाका कारण बाह्य विज्ञापन गर्ने स्थलका रूपमा प्राविधिक कारणले सूचीकृत हुन नसकेमा त्यस्ता विज्ञापन सामग्री सूचीकृत स्थलमा स्थानान्तरण गरी विज्ञापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने विज्ञापनबापत एक आर्थिक वर्षको विज्ञापन कर छुट हुनेछ ।

**१४. बाह्य विज्ञापन मानिने :** (१) कुनै व्यापार, व्यवसाय, कम्पनी, संघसस्था वा व्यक्तिले आफ्नो परिचय, पहिचान वा कामकारबाही बुझाउने, जनाउने, सङ्केत गर्ने वा अनुभूत गराउने उद्देश्यले कुनै रङ, फोटो, चित्र, कला वा पेन्टिङ गर्नुपरेमा सो कार्यसमेत बाह्य विज्ञापन मानी यस निर्देशिकाको प्रक्रिया र मापदण्डबमोजिम मात्र गर्नु गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाह्य विज्ञापन महानगरपालिका क्षेत्रभित्र रहेका कुनै भवनको भित्ता, पसल कवलको सटर, घरको सिसा, कम्पाउण्ड वाल वा यस निर्देशिकाबमोजिम अन्य स्वीकृत स्थानमा गर्न गराउन सकिनेछ ।

(३) यस दफा बमोजिमको बाह्य विज्ञापन गर्नु-गराउनु परेमा महानगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ । स्वीकृतिबिना यस दफाबमोजिमको विज्ञापन महानगरपालिकाले बन्द गराउनेछ र बन्द गराउँदा लागेको खर्चसमेत सम्बन्धित विज्ञापनदाता वा घरधनीबाट असुलउपर गर्नेछ ।

**१५. विज्ञापन कल्याण कोष सञ्चालन हुने** : (१) विज्ञापन दाताहरूले प्रतिस्पर्धाको माध्यमबाट योगदान गरेको रकम विज्ञापन कल्याण कोषमा जम्मा हुनेछ ।

(२) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृतले तोकेको महानगरपालिकाको लेखा अधिकृत र समितिको सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको परिचालन महानगरपालिका क्षेत्रभित्रको बाह्य विज्ञापनसम्बन्धी विषय वा क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न, नियमन तथा सुपरीवेक्षणका लागि कुनै प्रविधि खरिद गर्न वा प्रणाली विकास गर्न, दृश्य प्रदुषण न्यूनीकरण गर्न, विज्ञापनदाताको क्षमता विकास गर्न तथा सहरी सौन्दर्य वृद्धि गर्ने कार्यहरूमा हुनेछ ।

(४) कोष सञ्चालनसम्बन्धी अन्य कार्यविधि नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**१६. बाह्य विज्ञापनको लागि अनुमति दिन नसकिने** : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका क्षेत्रभित्र विज्ञापन गर्ने प्रयोजनको लागि कुनै पनि स्थानमा द्वार तथा स्टल निर्माण गर्ने, स्टिकर टाँस्ने, वालपेन्टिङ, पम्प्लेटिङ, पोष्टरिङ गर्ने,

पर्चा वितरण गर्ने, ब्यानर टाँग्ने जस्ता माध्यमबाट विज्ञापन गर्न अनुमति दिइनेछैन ।

१७. **बाह्य विज्ञापन खारेज हुने** : महानगरपालिकासँग सम्झौता भई कुनै स्थल विशेषमा विज्ञापन गर्न अनुमति प्राप्त गरेको विज्ञापनदाताले सम्झौतामा उल्लिखित सर्तविपरीत कार्य गरेमा वा तोकिएबमोजिम विज्ञापन कर र बुझाउनुपर्ने अन्य रकमसमेत नबुझाएमा महानगरपालिकाले त्यस्तो विज्ञापन खारेज गर्नेछ ।

१८. **प्रोत्साहन गर्न सक्ने** : महानगरपालिकाले सहरी सौन्दर्यलाई टेवा पुऱ्याउने कुनै खास प्रकृतिका विज्ञापन सामग्रीको व्यवसायलाई प्रवर्द्धन गर्न आर्थिक ऐन तथा वार्षिक नीति तथा कार्यक्रममार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१९. **फोहरमैला व्यवस्थापन तथा वातावरणमैत्री विज्ञापन**: (१) विज्ञापन सामाग्रीबाट उत्सर्जन हुने फोहरमैलाको व्यवस्थापन गर्ने दायित्व विज्ञापनदाताको हुनेछ ।

(२) महानगरपालिकाले वातावरणमैत्री बाह्य विज्ञापनलाई प्राथमिकता दिनेछ ।

२०. **छापा वा विद्युतीय सञ्चार माध्यमको अनुगमन तथा नियमन गर्न सक्ने** : (१) होर्डिङ बोर्ड वा प्रचलित कानुनबमोजिम महानगरपालिकाबाट अनुमति प्राप्त गरी स्थानीय स्तरमा सञ्चालनमा रहेका छापा तथा विद्युतीय सञ्चार माध्यमबाट हुने वा भएका विज्ञापनमा कानुनबमोजिमको मापदण्ड पूरा गरे नगरेको विषयमा महानगरपालिकाले अनुगमन तथा नियमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाले अनुगमन गर्दा प्रचलित कानुन तथा यस निर्देशिकाको परिपालना नगरेको पाइएमा वा अनधिकृत रूपमा होर्डिङ बोर्ड राखेको पाइएमा कारण खोली त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द गर्न वा हटाउन आदेश दिन

सक्नेछ। त्यसरी दिएको आदेशको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमनको क्रममा कसैले विज्ञापन गर्दा प्रचलित कानुनबमोजिम कसुर हुने काम गरेको र उक्त कसुरमा कारबाही गर्ने क्षेत्राधिकार महानगरपालिकालाई नभएको पाइएमा त्यस्तो व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनेछ।

२१. **न्यायिक समितिको क्षेत्राधिकार हुने :** महानगरपालिकाले अनुगमन तथा नियमन गर्दा प्रचलित कानुन तथा यस निर्देशिकाको पालना नगरी विज्ञापन गरेको देखिएमा त्यसरी विज्ञापन गर्ने व्यक्ति वा अनधिकृत रूपमा होर्डिङ बोर्ड राख्ने वा त्यसमा विज्ञापन गर्ने व्यक्तिलाई न्यायिक समितिको आदेशले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

२२. **आचारसंहिताको परिपालना गर्नुपर्ने :** महानगरपालिकाबाट बाह्य विज्ञापनदाताको लागि जारी हुने आचारसंहिताको परिपालना गर्नु गराउनु महानगरपालिका क्षेत्रभित्र विज्ञापन गर्ने प्रत्येक विज्ञापनदाताको कर्तव्य हुनेछ।

२३. **बाधा अड्काउ फुकाउने अधिकार** : यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखलाई हुनेछ।

२४. **खारेजी र बचाउ** : काठमाडौं महानगरपालिकाको विज्ञापन कर निर्देशिका, २०६४ र विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने नीति, २०७० खारेज गरिएको छ।

स्वीकृत मिति : २०७९/१२/३०

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौंमा मुद्रित। फुटकर मूल्य रु. ५०/-